

















# शैक्षिक बुलेटिन

वर्ष: ८ / अङ्क: १ / पूर्णाङ्क: ८ / कार्तिक, २०८२




## भरतपुर महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

फोन: ०५६-५३२०३७, ५३२१३९
फ्याक्स: ०५६-५२००१४
इमेल: bmceducationsection@gmail.com
वेबसाइट: bharatpurmun.gov.np

# सम्पादकीय

शिक्षालाई विकासको मूल आधार मानिन्छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरी सबै बालबालिकाको समन्यायिक पहुँचमा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न मार्गनिर्देश गरेको छ। उक्त संवैधानिक मर्म अनुसार समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गर्न भरतपुर महानगरपालिकाले पनि आवश्यक कानून निर्माण गर्नुका साथै शिक्षा क्षेत्रको १० वर्षे योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। शैक्षिक कार्यक्रमलाई लक्ष्य प्राप्तिमा केन्द्रित गर्न आवश्यक स्रोत साधनको मितव्ययी रुपमा उपयोग गरी प्रदत्त सेवाको पारदर्शी र जवाफदेहीपूर्ण व्यवस्थापन गर्दै आएको छ।

विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर अभिवृद्धिका लागि संघ र प्रदेश सरकारका विभिन्न कार्यक्रमहरूका अतिरिक्त महानगरपालिकाबाट विद्यालय भौतिक पूर्वाधार विकास, युवा स्वयम् सेवक शिक्षक व्यवस्था, महानगर छात्रवृत्ति, विषयगत शैक्षिक सामग्री व्यवस्थापन, शिक्षक सम्मान तथा प्रोत्साहन, शिक्षक तालिम, अपाङ्गता भएका विद्यार्थीको पहुँच जस्ता विविध कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ। यस अंकमा आ.व. २०८१/०८२ मा भरतपुर महानगरपालिकाबाट सामुदायिक विद्यालयहरूमा निकासा गरिएको अनुदान रकमको शीर्षकगत विवरणहरू विद्यालयको विवरण, विद्यार्थी संख्या, शिशु विकास केन्द्रहरू, संस्थागत विद्यालय स्तरीकरण विवरण, शूल्क सम्बन्धी मापदण्डहरू र विभिन्न निकायबाट जारी परिपत्रहरू समाबेस गरिएको छ। यसबाट सरोकारवाला सुसूचित भई तोकिएको रकम तोकिएको कार्यमा खर्च भए नभएको यकिन हुने, विद्यालयको आर्थिक व्यवस्थापनमा पारदर्शिता कायम हुने, लेखापरीक्षण र सामाजिक परीक्षणका लागि सहजता हुने, आगामी वार्षिक योजना निर्माणमा यो पुस्तिकाले सहज हुने र स्रोतसाधन विनियोजन तथा सोको प्रभावकारी उपयोगमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसका साथै विद्यालय शिक्षा भएको लगानी र प्रतिफल विश्लेषणको आधार तयार भई यस सम्बन्धमा चासो राख्ने अनुसन्धानकर्ता समेतलाई यो प्रकाशन उपयोगी हुने अपेक्षा गरिएको छ। अन्तमा यस प्रकाशन उपर पाठकका कुनै सुझाव वा टिप्पणीको सदैव अपेक्षा गर्दछौँ।

| संरक्षकः | सल्लाहकारः | सम्पादक मण्डल |
| --- | --- | --- |
| **रेनु दाहाल**<br>नगर प्रमुख | **लक्ष्मीप्रसाद पौडेल**<br>प्रमुख प्रशासकीय अधिकृत | **दिपक सिग्देल**<br>अधिकृतस्तर आठौँ |
| **चित्रसेन अधिकारी**<br>नगर उप-प्रमुख | **सुवास चन्द्र आचार्य**<br>उपसचिव/शैक्षिक प्रशासन महाशाखा प्रमुख | **ऋषिराम शर्मा**<br>अधिकृतस्तर आठौँ |
| | | **शिवप्रसाद ढुङ्गाना**<br>अधिकृतस्तर आठौँ |







